नेपाल सरकार

# स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

(..............................................................शाखा)

फोन नं. ४२६२५५० ४२६२८०२ ४२६२७०६ ४२६२५३५ ४२६२८६२ ४२२३५८०

प्राप्त पत्र संख्या :-

पत्र संख्या :-

चलानी नं. :-

सिंहदरबार,
काठमाडौं, नेपाल ।

मिति : ..........................

विषय :- **स्वास्थ्य सेवा प्रवाह सम्बन्धमा।**

केही दिनयता चिकित्सक, स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थामा भएका कुटपिट तथा दुर्व्यवहारका घटनाहरू प्रति मन्त्रालयको गम्भिर ध्यानाकर्षण भएको छ। उक्त घटनाहरूमा संलग्न दोषीहरू पत्ता लगाई कानुनको दायरामा ल्याउन सरकारका सम्बन्धित निकायहरुले आवश्यक कार्यहरू गरिरहेका छन् ।

स्वास्थ्य सेवा अत्यन्त संवेदनशील, जीवनरक्षक र अत्यावश्यक सेवा हो। नागरिकको स्वास्थ्य सेवा प्राप्त गर्ने अधिकारको संरक्षण गर्नु तथा स्वास्थ्यकर्मीले सुरक्षित र सम्मानजनक वातावरणमा सेवा प्रदान गर्न पाउनु स्वास्थ्यकर्मीको अधिकारका साथै सबै नागरिकको साझा दायित्व पनि हो। त्यसैले स्वास्थ्य सेवाको संवेदनशीलता, चिकित्सा पेशाको गरिमा तथा सामाजिक उत्तरदायित्वलाई आत्मसात् गर्दै नागरिकको उपचार सेवामा कुनै अवरोध नआउने वातावरण कायम गरी निर्बाध रुपमा स्वास्थ्य सेवा प्रवाह गर्न सबै अस्पतालहरुलाई मन्त्रालय अपिल गर्दछ।

यस कार्यमा सहयोग, सहजीकरण तथा समन्वय गरीदिनुहुन यसै विज्ञप्ती मार्फत सम्बन्धित सबै निकायहरूमा मन्त्रालय अपिल गर्दछ ।

"स्वास्थ्य सेवा जस्तो अत्यावश्यक सेवा प्रवाहमा सबैले सहयोग गरौं"

........ २०७३।०४।१२

डा. समिरकुमार अधिकारी

सह-प्रवक्ता